आज मिति २०८१ मंसीर २५ गतेका दिन बेसीशहर नगर पालिकाका नगर प्रमुख श्री गुमानसिंह अर्यालको अध्यक्षतामा बसेको कार्यपालिकाको ५१ (एकाउन्नौं) औं बैठकको उपस्थिति र निर्णय निम्नानुसार छ।

## उपस्थिति

| | |
|---|---|
| नगर प्रमुख | श्री गुमानसिंह अर्याल |
| नगर उप-प्रमुख | श्री पद्मा गुरुङ |
| प्रमुख प्रशासकीय अधिकृत | श्री चेतनाथ अर्याल |
| कार्यपालिका सदस्य वडा नं. १ | श्री दुर्गा बहादुर बुढाथोकी |
| " " " २, | श्री मदन बहादुर राना |
| " " " ३, | श्री चित्र बहादुर दनाई |
| " " " ४, | श्री गम बहादुर गुरुङ |
| " " " ५, | श्री इन्द्र बहादुर गुरुङ |
| " " " ६, | श्री प्रकाश थापा |
| " " " ७, | श्री ऋषिराम बस्नेत |
| " " " ८, | श्री पवित्रा थापा राना |
| " " " ९, | श्री खुसिजंग गुरुङ |
| " " " १०, | श्री गंगा बहादुर थापा |
| " " " ११, | श्री शिव प्रसाद जोशी |
| " " | श्री हिरालाल विश्वकर्मा |
| " " | श्री श्रीनाथ दुलाल |
| " " | श्री कल्पना थापा बोहरा |
| " " | श्री विमला न्यौपाने अधिकारी |
| " " | श्री सुकमाया घर्ती |
| " " | श्री सुकमाया गुरुङ |
| " " | श्री मनिता परियार |

## सहजकर्ता कर्मचारीको उपस्थिति

| | |
|---|---|
| अधिकृत | श्री शम्भु प्रसाद घिमिरे |
| कार्यक्रम अधिकृत | श्री मेघेन्द्र पोखरेल |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०८/२५ गतेको बैठक

**बेसीशहर नगर कार्यपालिकाको कार्यालय**

**लमजुङ, गण्डकी प्रदेश, नेपाल**

**नगर कार्यपालिकाको मिति २०८१/०८/२५ गतेको बैठकका प्रस्तावहरु**

१. अघिल्लो बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा।
२. आर्थिक वर्ष २०८०/८१ को जिन्सी निरीक्षण प्रतिवेदन सम्बन्धमा ।
३. एकिकृत शहरी विकास योजना (IUDP) सम्बन्धमा ।
४. प्रथम चौमासिक प्रगति समिक्षा गोष्ठिमा उठेका विषयहरुको सम्बन्धमा ।
५. आयोजनाको नाम संशोधन सम्बन्धमा । जनजागृति आ.वि. बेनपा-११
६. वडास्तरीय आयोजना/कार्यक्रम ब्रेकडाउन/संशोधन सम्बन्धमा ।
७. ज्येष्ठ नागरिकको क्षेत्रमा कार्य गर्ने ज्येष्ठ नागरिक छनौट सम्बन्धमा ।
८. सशस्त्र प्रहरी बलको भवनको थप कोठा निर्माण सम्बन्धमा ।
९. मेयर कप फुटबल प्रतियोगिताको खर्च सम्बन्धमा ।
१०. नदिजन्य पदार्थको वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धमा ।
११. सहजी बसपार्कको पार्किङ शुल्क सम्बन्धमा ।
१२. कार्यविधि संशोधन सम्बन्धमा ।
१३. विविध
   - सोलार बत्ति मर्मत/ सम्बन्धमा ।
   - फोहरमैला व्यवस्थापन अवलोकन भ्रमण तालिका हेरफेर सम्बन्धमा ।

## बैठकबाट पारित निर्णयहरु

**निर्णय नं.१: अघिल्लो बैठकका निर्णयहरुको समिक्षा सम्वन्धमा ।**

मिति २०८१/०८/१२ गतेको नगर कार्यपालिका बैठकले गरेका निर्णय कार्यान्वयनको प्रगति अवस्थाका बारेमा यस बैठकमा समिक्षा गरियो ।

**निर्णय नं.२: आर्थिक वर्ष २०८०/८१ को जिन्सी निरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

आर्थिक वर्ष २०८०/८१ को जिन्सी निरीक्षण प्रतिवेदन यस कार्यपालिका बैठकमा पेश भयो साथै उक्त प्रतिवेदन समेतका आधारमा मर्मत गरी सञ्चालनमा ल्याउन सकिने सामानहरुको मर्मत गरी उपयोगमा ल्याउने र मर्मत हुन नसक्ने सामानहरु नियमानुसार लिलामी प्रक्रियामा लैजाने सम्बन्धमा आवश्यक ध्यान दिन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.३: एकिकृत शहरी विकास योजना (IUDP) सम्बन्धमा ।**

नेपाल सरकार शहरी विकास मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभागले परामर्शदाता मार्फत तयार गरेको बेसीशहर नगरपालिकाको एकिकृत शहरी विकास योजना (IUDP)-२०७६ को समिक्षा गरी उक्त योजनालाई आधार मानी परामर्शसेवा मार्फत एकिकृत शहरी विकास योजना निर्माण गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०८/२५ गतेको बैठक

**निर्णय नं.४: प्रथम चौमासिक प्रगति समिक्षा गोष्ठिमा उठेका विषयहरुको सम्बन्धमा ।**

चालु आर्थिक वर्ष २०८१/८२ को प्रथम चौमासिक प्रगति समिक्षा गोष्ठीमा उठेका विषय र प्राप्त भएका सुझावहरुको बारेमा यस कार्यापालिका बैठकमा छलफल हुंदा शाखाहरुसंग सम्बन्धित विषयका सम्बन्धमा शाखाहरुबाट कार्यान्वयन प्रारम्भ गर्ने र अन्य सवालहरुमा आगामी बैठक तथा नगरसभाबाट क्रमशः निर्णय गरी कार्यान्वयन गर्दै लैजाने तथा दोश्रो चौमासिक अवधीमा अझ बढी सक्रियताका साथ कार्य गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.५: आयोजना संशोधन सम्बन्धमा ।**

चालु आ.व.२०८१/८२ मा बेनपा-११ स्थित जनजागृति आधारभूत विद्यालयमा १ कोठे ट्रस भवन निर्माणको लागि नेपाल विद्युत प्राधिकरण (२२० केभि प्रसारण लाइन) बाट रु. २ लाख विनियोजन भएकोमा विद्यालयको नयाँ भवन निर्माणको लागि जग्गा खरिद भईसकेको हुँदा निर्माणस्थलसम्म सामान ढुवानीको लागि मोटरबाटो आवश्यक परेको हुँदा उक्त विनियोजित बजेटबाट देहायको आयोजना कायम गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

देहायः

जनजागृति आधारभूत विद्यालय भवनमा मोटरबाटो निर्माण तथा विद्यालय संरक्षण, बेनपा-११

**निर्णय नं.६: वडास्तरीय आयोजना/कार्यक्रम ब्रेकडाउन/संशोधन सम्बन्धमा ।**

चालु आ.व. २०८१/८२ का लागि स्वीकृत भएका देहाय वमोजिमका वडास्तरीय आयोजना तथा कार्यक्रमलाई देहाय वमोजिम संशोधन/ब्रेकडाउन गर्ने निर्णय गरियो ।

| सािवक योजना/कार्यक्रम | बजेट रु. | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| १.पशु विकास कार्यक्रम, बेनपा-६ | ५० हजार | ६.मेयरकप खेलकुंद कार्यक्रम, बेनपा-६ | ५० हजार |
| २.वडा फुटकर कार्यक्रम, बेनपा-६ | १ लाख ११ हजार ९४ | २.क्षमता अभिबृद्दि कार्यक्रम, बेनपा-६ (सामुदायिजक वन उपभोक्ता समिति) | २३ हजार |
| ३.ज्यमिरे सामुदायिक भवन मर्मत, बेनपा-३ | २ लाख | ३.ज्यामिरे सामुदायिक भवनमा शौचालय निर्माण, बेनपा-३ | २ लाख |
| ४.विद्यालय पूर्वाधार सुधार, बेनपा-२ | १ लाख | ४.बाल कल्याण मावि कक्षा कार्पेटिङ, बेनपा-२ | १० हजार |
| ५.म.स्वा.स्वयंसेविका स्मार्ट सम्बन्धी क्षमता अभिबृद्धि,बेनपा-२ | १ लाख ६० हजार | ५. स्मार्ट मोवाइल खरिद, बेनपा-२ | १ लाख ६० हजार |
| ६.स्वास्थ्य स्वयंसेविका बैठक व्यवस्थापन, बेनपा-८ | ५० हजार | ६.स्वास्थ्य स्वयंसेविका अध्ययन अवलोकन भ्रमण, बेनपा-८ | ५० हजार |
| ७.ज्येष्ठ नागरिक सम्मान कार्यक्रम, बेनपा-८ | १ लाख | ७. ज्येष्ठ नागरिक दिवा विश्रामस्थल शुरुवात कार्यक्रम, बेनपा-८ | १ लाख |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०८/२५ गतेको बैठक

**निर्णय नं.७: ज्येष्ठ नागरिकको क्षेत्रमा कार्य गर्ने ज्येष्ठ नागरिक छनौट सम्बन्धमा ।**

जिल्ला प्रशासन कार्यालय लमजुङको च.नं १४३२ मिति २०८१/८/२१ को प्राप्त पत्रानुसार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट ज्येष्ठ नागरिक दिवसको अवसरमा ज्येष्ठ नागरिकको क्षेत्रमा महत्वपूर्ण योगदान गरेको व्यक्तिलाई पुरस्कार तथा सम्मान गर्ने कार्यक्रममा यस बेसीशहर नगरपालिकाबाट बेसीशहर नगरपालिका-११ का श्री रुद्रनिधि तिवारीलाई छनौट गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं.८: सशस्त्र प्रहरी बलको भवनको थप कोठा निर्माण सम्बन्धमा ।**

बेसीशहर नगरपालिका वडा नं ३ मा सशस्त्र प्रहरी बलको भवनको थप कोठा निर्माणको लागि लागत इष्टिमेट समेतको आधारमा आवास सम्बन्धी फुटकर शिर्षकबाट रु. १ लाख विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.९: मेयर कप फुटबल प्रतियोगिताको खर्च सम्बन्धमा ।**

मिति २०८१ मंसिर ११ देखि १५ गतेसम्म सहजी खेलमैदानमा सञ्चालित पाँचौ मेयरकप फुटवल प्रतियोगिताको लागि रु. ७ लाखमा सम्झौता भएको तर यसमा रु. ८ लाख ९५ हजार ६८२ खर्च भएको देखिएको हुँदा संघीय राजश्वतर्फ मेयरकप खेलकुँद प्रतियोगिता शिर्षकमा विनियोजित रु.१० लाख मध्येबाट व्यहोर्ने गरी उक्त खर्च रकम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.१०: नदिजन्य पदार्थको वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धमा ।**

आ.व.२०८०/८१ र २०८१/८२ को लागि बेसीशहर नगरपालिका क्षेत्रभित्रका नदिका घाटहरुबाट नदिजन्य पदार्थ संकलन र बिक्रीको लागि मिति २०८०/२/१४ को कार्यपालिका बैठकबाट स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा नदिजन्य पदार्थ संकलन गर्दा प्रयोग गर्न पाउने साधनहरुको सम्बन्धमा केही घाटहरुमा साधरण घरेलु हाते औजारले केही घाटहरुमा ब्याक लोडरसम्म प्रयोग गर्न सकिने उल्लेख भएकोमा सो घाटहरुमा विगत २ वर्षदेखि ठेक्का समेत लाग्न नसकेको कारण हाल अनावश्यक रुपमा जमेर/थुप्रिएर रहेका नदिजन्य पदार्थले जलाशय क्षेत्र क्रमशः पुरिदै गएको र सो पदार्थ समयमै संकलन नहुँदा नदिको वहाव/धार समेत परिवर्तन भै वर्षादमा अन्य थप वर्षादको प्रकोपजन्य जोखिमको सम्भावना देखिनुका साथै सो क्षेत्रको नदिजन्य पदार्थ संकलन गरी विक्री नहुँदा सो क्षेत्रबाट प्राप्त हुन सक्ने उल्लेख्य राजश्व समेत गुम्न जाने देखिएकोले नदिजन्य पदार्थ संकलन, विक्री गर्दा प्रयोग गर्न पाउने साधनहरुको सम्बन्धमा केहीमा साधरण हाते औजारले मात्र र केहीमा ब्याकलोडरले मात्र संकलन गरी विक्री गर्न हालको अवस्थामा सम्भव नदेखिएको कारण देखाई ३ पटकसम्म ठेक्का सूचना आह्वान गर्दा समेत संकलन गरी विक्री गर्न कोही इच्छुक नभै ठेक्का लाग्न/वोलकवोल हुन नसकेको, वोलपत्र पेश गरेको घाटमा समेत सोही कारण ठेक्का सम्झौता हुन नसकिरहेको अवस्थामा उक्त केही घाटहरुमा नदिजन्य पदार्थ संकलन गर्दा प्रयोग गर्न पाउने मेशिनरी साधनहरुको सम्बन्धमा हालको वर्तमान अवस्था अनुरुप थप सान्दर्भिक र व्यवहारिकताको लागि पुनर्विचार गर्नुपर्ने आवश्यकता महशुस भएकोले उक्त वातावरणीय अध्ययन प्रतिवेदन तयार गरेको परामर्शदातालाई स्थलगत अध्ययन र

गुमान सिंह अर्याल
नगर प्रमुख

अनुगमनको लागि अनुरोध गर्ने र प्राप्त प्रतिवेदनका आधारमा कार्यपालिकाको बैठकबाट निर्णय गर्ने निर्णय गरियो ।

**निर्णय नं.११: सहजी बसपार्कको पार्किङ शुल्क सम्बन्धमा ।**

बेसीशहर नगरपालिका वडा नं ७ स्थित सहजी बसपार्कको पार्किङ शुल्कको लागि ३ पटक सूचना निकाल्दा समेत कुनै पनि ठेक्का पर्न नआएको सन्दर्भमा बेसीशहर नगरपालिका-७ निवासी श्री अम्मर बहादुर घिमिरेले यस कार्यालयमा सम्पर्क गरी मासिक शुल्क संकलन गरी बुझाउने इच्छा व्यक्त गरी निवेदन पेश गर्नुभएको हुँदा नीजलाई चालु आ.व.२०८१/८२ को बाँकी ६ महिनाको लागि (माघ देखि असारसम्म) मासिक रु.१५ हजारका दरले हुन आउने रकम अनुसार सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२: कार्यविधि संशोधन सम्बन्धमा।**

बेसीशहर नगरपालिकाको कृषि एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि २०८० मा देहाय अनुसार संशोधन गर्ने निर्णय गरियो ।

| महल | हाल भएको | संशोधन गरिएको |
|---|---|---|
| परिच्छेद-३ संस्थागत व्यवस्था (ज) | ढुवानी साधनको ब्लू बुक, नविकरण, विमा, मर्मत र सरकारी करहरु नियमितरुपमा तिर्ने । | (ठ) दफा ८ उपदफा (१) को बुँदा नं (ज) मा जुनसुकै कुरा उल्लेख भएतापनि सवारी साधनको स्वामित्व हस्तान्तरण नहुञ्जेल सवारी साधनको ब्लु बुक नविकरण र विमा शुल्क मात्र नगरपालिकाले व्यहोर्ने छ । |

**निर्णय नं.१३: विविध/ सोलार/सडक बत्ति मर्मत सम्बन्धमा ।**

(क)बेसीशहर नगरपालिका वडा नं ११ चिती तिलाहार बजारक्षेत्रमा जडान गरिएका सोलारबत्तीहरु विग्रिएको हुँदा उक्त सोलार बत्ती मर्मत कार्यको लागि वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रसंग अनुरोध गर्ने निर्णय गरियो ।

(ख) बेनपा-११ तिलाहार क्षेत्रमा सडक वत्ति मर्मतको लागि सडकबत्ती विस्तार, मर्मत सम्भार तथा व्यवस्थापन कार्यक्रम शिर्षकबाट रु. १ लाख २५ हजार विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४: अध्ययन अवलोकन भ्रमणको मिति परिवर्तन सम्बन्धमा ।**

२०८१ मंसिर २६-२८ गते गर्ने भनिएको फोहरमैला व्यवस्थापन सम्बन्धी अध्ययन अवलोकन भ्रमण विविध कारणवश उक्त समयमा गर्न नसकिएको हुँदा सो भ्रमण मिति २०८१ पुस ५-७ गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख